पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
२०७९

प्रमुख प्रशासकिय अधिकृत

खण्ड १: दरभाउपत्र सम्बन्धी सूचना

# पाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पाटन,बैतडी

**अत्यावश्यक औषधि खरिद सम्बन्धी दरभाउपत्र आह्वान गरिएको सूचना**

**सिलबन्दी दरभाउपत्र नं. PTNMUN/ GOODS-Med/SQ/ 02/ 2079/080**

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०८**

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व.२०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क औषधी वितरणको लागी अत्यावश्यक औषधी तथा सर्जिकल सामाग्रीहरु e-Bidding को माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक ईजाजत प्राप्त कम्पनी, फर्म तथा सप्लायर्स हरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र e-Bid द्वारा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. पहिलो पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र दरभाउपत्र दस्तुर रु १,०००।००, (पछि फिर्ता नहुने गरी) यस कार्यालयको कृषि बिकास बैंक शाखा पाटनमा रहेको खाता नं.०८२३९०१३०२४५४१७८ मा जम्मा गरेको भौचर सहित आ.व.०७८/७९ का लागि नविकरण भएको ईजाजत पत्र,आयकर प्रमाण पत्र, मुल्य अभिबृद्धि प्रमाण पत्र,फर्म दर्ताको प्रमाण पत्र,खरीद कार्यवाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणापत्र, आ.ब.०७७।०७८को कर चुक्ता गरेको प्रमाणपत्र संलग्न गरि www.bolpatra.gov.np/egp बाट मिति २०७९।०५।२३ गते (१६ औं दिन) दिनको १२:०० बजे भित्र पेश गर्न सकिने छ ।

२. खरिद गरेको दरभाउपत्रमा भर्नुपर्ने सबै महल प्रष्ट सफा,शुद्ध संग (केरमेट नगरी ) लेखी, रीतपूर्वक भरी प्रत्येक पानामा आधिकारिक हस्ताक्षर गर्ने र सप्लार्यसको प्रस्ट देखिने छाप लगाई, दरभाउपत्र खरिदका लागि रु १०००। तिरेको सक्कलै रसिद, आ.व.२०७८/२०७९ का लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, औषधी व्यवसायी दर्ता (थोक) प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा तथा मु.अ.कर दर्ता प्रमाणपत्र , आ.ब.०७७।०७८ को आयकर चुक्ताको प्रमाणपत्र लगायत आवश्यक कागजातहरुका प्रमाणित प्रतिलिपी, खरीद कार्वाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणापत्र र तोकिएको धरौटी रकम खुल्ने सक्कलै कागजातहरु सहित, पहिलो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२:०० बजेभित्र www.bolpatra.gov.np/egp मार्फत पाटन नगरपालिका,नगरकार्यपालिकाको कार्यालय पाटन बैतडीमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा पाटन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय पाटन बैतडीमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ-पत्र साथ धरौटी वापतको रकम पाटन नगरपालिकाको कार्यालय पाटन बैतडीको नाममा, कृषि बिकास बैंक पाटन बैतडीमा रहेको धरौटी खाता नं. ०८२३९०१३०२४५४०२१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरीएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुल्ने दिन लाई अन्तिम दिन मानिनेछ ।

५. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।



CamScanner

६. प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. विश्व स्वास्थ्य संगठनको कुशल उत्पादक प्रक्रिया भएको प्रमाणित प्रमाणपत्र भएको (WHO-GMP Certified) उत्पादनकर्ताबाट उत्पादित औषधी मात्र सप्लाई गर्नु पर्नेछ ।

८. दरभाउपत्र दाताले दरभाउपत्रमा भएको BOQ फाराम भर्न अघि दरभाउपत्रमा भएको दरभाउपत्र दाता लाई दिईएको निर्देशन अनिवार्य रुपमा अध्ययन गरी सोही बमोजिम भर्नु पर्ने छ ।
९. यस सम्वन्धि विस्तृत जानकारीको लागि दरभाउपत्र फाराम अध्ययन गर्न हुन र थप बुझ्न आवश्यक भएमा यस कार्यालयको फोन नं. ०९५४०००५७ मा कार्यालय समय भित्र, सम्पर्क गर्न सकिने छ ।
१०. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ ,पाटन नगरपालिकाको खरीद नियमावली २०७६ तथा अन्य प्रचलित नेपाल ऐन, नियम कानुन बमोजिम हुनेछ ।

तपसिल:

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | विवरण | ल.ई.रकम(भ्याट सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | PTNMUN/ GOODS-Med/SQ/ 02/ 2079/080 | Supply and Delivery of Free Essential Medicine For Patan Municipality | १४,७५,०००। | ४०,०००। | |

प्रमुख प्रशासकीय अधिकृत